**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ अक्टुबर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीमा कौटिल्य आर्थिक सम्मेलनलाई सम्बोधन गर्नु हुनेछ।

२. गृहमन्त्री अमित शाह आज गान्धीनगरमा विभिन्न परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नु हुनेछ।

३. प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको मन्त्रीपरिषद्को बैठकले मराठी, पाली, प्राकृत, असमिया र बंगाली भाषाहरूलाई शास्त्रीय भाषाको दर्जा दिन अनुमोदन गरेको छ।

४. केन्द्रीय मन्त्री परिषद्ले कृषिलाई प्रवर्द्धन गर्न प्रधानमन्त्री राष्ट्रिय कृषि विकास योजना र खाद्य सुरक्षामा आत्मनिर्भरताका लागि कृष्णोन्नति योजनालाई स्वीकृत गरेको छ।

५. भोलि हुने हरियाणा विधानसभा चुनावको लागि सम्पूर्ण तयारी पूरा भएको छ।

**प्रधानमन्त्रीको आर्थिक सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीमा कौटिल्य आर्थिक सम्मेलनलाई सम्बोधन गर्नु हुनेछ। यो सम्मेलनको तेस्रो संस्करण ६ अक्टोबरसम्म चल्नेछ। यस वर्षको सम्मेलन हरित संक्रमण, भू-आर्थिक खण्डीकरण र विकास जस्ता विषयहरूमा केन्द्रित हुनेछ। यस सम्मेलनमा भारतीय र अन्तर्राष्ट्रिय विद्वानहरू र नीति निर्माताहरूले भारतीय अर्थतन्त्र र ग्लोबल साउथको अर्थतन्त्रहरूले सामना गरिरहेका महत्त्वपूर्ण चुनौतीहरूबारे छलफल गरिनेछ। सम्मेलनमा विश्वभरका वक्ताहरुको सहभागिता रहनेछ। अर्थ मन्त्रालयसँगको सहकार्यमा आर्थिक विकास संस्थानले सम्मेलन आयोजना गर्न लागेको हो।

****** ० ******

**अमित शाह-गुजरात**

गृहमन्त्री अमित शाह आज गान्धीनगरमा गान्धीनगर नगरपालिकाको धेरै परियोजनाहरूको उद्घाटन समारोहमा सहभागी हुनु हुनेछ। श्री शाहले गान्धीनगरको मानसा शहरमा ४२१ बेडको अस्पतालको पनि शिलान्यास गर्नु हुनेछ। एडिसी बैंकको १००औँ वार्षिकोत्सवको अवसरमा महात्मा मन्दिरमा आयोजना हुने कार्यक्रममा पनि उनी सहभागी हुनु हुनेछ। श्री शाहले ट्रस्टद्वारा सञ्चालित अस्पतालको उद्घाटन गर्नुका साथै जनसभालाई पनि सम्बोधन गर्नु हुनेछ।

****** ० ******

**मन्त्रीपरिषद भाषा**

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको मन्त्रीपरिषद्को बैठकले मराठी, पाली, प्राकृत, असमिया र बंगाली भाषाहरूलाई शास्त्रीय भाषाको दर्जा दिन अनुमोदन गरेको छ। शास्त्रीय भाषाहरूले भारतको प्राचीन सांस्कृतिक सम्पदाको संरक्षकको रूपमा कार्य गर्दछ, प्रत्येक समुदायको ऐतिहासिक र सांस्कृतिक महत्त्वलाई झल्काउँछ।

****** ० ******

**त्रिपक्षीय सम्झौता**

भारत, नेपाल र बंगलादेशले भारतको पावर ग्रिडमार्फत नेपालबाट बंगलादेशमा ४० मेगावाट विद्युत निर्यात गर्ने त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरेका छन्। हिजो काठमाडौंमा भएको यो सम्झौतासँगै नेपालले पहिलो पटक बंगलादेशलाई बिजुली बिक्री गर्ने भएको छ। यस अघि नेपालले भारतलाई मात्रै बिजुली बेच्ने गरेको थियो। सम्झौता अनुसार अब बंगलादेशले नेपालबाट ४० मेगावाट बिजुली खरिद गर्नेछ। नेपालको बिजुली भारतीय भूमिमा प्रसारण पूर्वाधारबाट बंगलादेश पुग्ने भएकाले सम्झौतामा भारत पनि सामेल छ।यो सम्झौताबाट नेपाल विद्युत् प्राधिकरणले लगभग ३३० करोड रुपियाँ आम्दानी गर्ने अपेक्षा गरिएको छ।

****** ० ******

**क्याबिनेट-तेलबीन**

केन्द्रीय सरकारले 2024-25 देखि 2030-31 को लागि 10 हजार 103 करोड रूपियाँको परिव्ययका लागि राष्ट्रिय खाद्य तेल-तेलबीज मिशनलाई पनि स्वीकृत गरेको छ। आगामी सात वर्षमा भारतलाई तेलबीज उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले यो निर्णय गरिएको हो। सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले हिजो नयाँ दिल्लीमा भन्नु भयो, नयाँ योजनाले रेपसेड-तोरीस, मूंगफली, भटमास, सूर्यमुखी र तिल जस्ता प्रमुख तेलबीन बालीहरूको उत्पादन बढाउनमा केन्द्रित छ। उहाँले कपासको बीउ, चामलको भुसा र रूखबाट हुने तेल जस्ता स्रोतबाट सङ्कलन र निकासी दक्षता अभिवृद्धिमा पनि ध्यान दिने बताउनु भयो। श्री वैष्णवले भन्नु भयो, मिशनले प्राथमिक तेल बीउ उत्पादनलाई वर्ष २०२२-२३ मा ३९० लाख टनबाट बढाएर २०३०-३१ सम्ममा ६९७ लाख टन पुऱ्याउने लक्ष्य राखेको छ। श्री वैष्णवले जीनोम सम्पादन जस्ता अत्याधुनिक विश्वव्यापी प्रविधिहरू प्रयोग गरी उच्च गुणस्तरको बीउको निरन्तर विकासबाट यो योजना लाभान्वित हुने बताउनु भयो।मिशनको उद्देश्य स्वदेशी तिलबीनको उत्पादनमा उल्लेख्य बृद्धि गर्नु र खाद्य तेलमा आत्मनिर्भरता हासिल गर्नु हो। यसले आयात निर्भरता घटाएर कृषकको आम्दानीमा बृद्धि भई विदेशी मुद्रा बचत हुनेछ।

****** ० ******

**कैबिनेट पीएम - आरकेवीवाई**

केन्द्रीय मन्त्री परिषद्ले दिगो कृषिलाई प्रवर्द्धन गर्न प्रधानमन्त्री राष्ट्रिय कृषि विकास योजना र खाद्य सुरक्षामा आत्मनिर्भरताका लागि कृष्णोन्नति योजनालाई स्वीकृत गरेको छ। दुबै योजनाहरू १ लाख करोडभन्दा बढीको प्रस्तावित खर्चको साथ लागू हुनेछ। यसमा पीएम-प्रधानमन्त्री राष्ट्रिय कृषि विकास योजनाका लागि ५७ हजार करोडभन्दा बढी र कृष्णोन्नति योजनाका लागि ४४ हजार २४६ करोड रुपियाँ समावेश छ। केन्द्रीय सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले हिजो नयाँ दिल्लीमा भन्नु भयो, मन्त्री परिषद्को बैठकमा भएका निर्णयहरू किसानहरूको आय बढाउन र मध्यम वर्गका मानिसहरूका लागि खाद्य सुरक्षा सुनिश्चित गर्न सम्बन्धित छन्। यसका लागि 'प्रधानमन्त्री राष्ट्रिय कृषि विकास योजना' र 'कृष्णोन्नति योजना' दुई स्तम्भ रहेको उहाँले बताउनु भयो। श्री वैष्णवले यी उपायहरूले किसानहरूको आम्दानी बढाउने विश्वास व्यक्त गर्नु भयो।प्रधानमन्त्री राष्ट्रिय कृषि विकास योजनामा माटो स्वास्थ्य व्यवस्थापन, वर्षा केन्द्रित क्षेत्र विकास, कृषि वन, परम्परागत कृषि विकास योजनाहरू समावेश छन्।

****** ० ******

**क्याबिनेट बोनस**

केन्द्रीय मन्त्री परिषद्ले 11 लाख 72 हजारभन्दा बढी रेलवे कर्मचारीहरूलाई 78 दिनको उत्पादकता लिङ्क बोनस अनुमोदन गरेको छ। बोनसमा दुई हजार २९ करोड रुपियाँ खर्च हुनेछ। सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले हिजो नयाँ दिल्लीमा भन्नु भयो, उत्पादकत्व-सम्बन्धित बोनसको भुक्तानी रेलवे कर्मचारीहरूलाई रेलको प्रदर्शन सुधार गर्न काम गर्न उत्प्रेरित गर्ने प्रोत्साहन हो।प्रत्येक वर्ष दशैं अघि योग्य रेल कर्मचारीहरूलाई बोनस भुक्तान गरिन्छ। यो वर्ष पनि लगभग ११ लाख ७२ हजार गैर राजपत्रित कर्मचारीहरुलाई बोनस दिइँदैछ। सरकारले सन् २०२०-२१ देखि २०२५-२६ सम्म प्रमुख बन्दरगाह प्राधिकरण र डक लेबर बोर्डका करिब २० हजार ७०४ कर्मचारीहरूको लागि संशोधित उत्पादकत्व लिंक्ड अवार्ड योजना पनि स्वीकृत गरेको छ। यसका लागि लगभग दुई सय करोड रुपियाँ खर्च हुनेछ। यस योजनाले राम्रो उत्पादकत्वलाई प्रोत्साहन गर्नुका साथै बन्दरगाह क्षेत्रमा राम्रो औद्योगिक सम्बन्ध र अनुकूल कार्य वातावरणको प्रवर्द्धन गर्नेछ। उत्पादकता लिङ्क गरिएको पुरस्कार योजना प्रमुख पोर्ट ट्रस्टहरू र डक श्रम

बोर्ड र कामदारहरूको लागि अवस्थित योजना हो। यसमा प्रमुख बन्दरगाह प्राधिकरणका व्यवस्थापन र श्रमिक युनियनबीच भएको सम्झौताअनुसार वार्षिक आधारमा आर्थिक अवार्ड दिइँदै आएको छ।

****** ० ******

**क्याबिनेट-ऊर्जा केन्द्र**

केन्द्रीय मन्त्रीपरिषद्ले इन्टरनेशनल सेन्टर फर इनर्जी इफिशियन्सीमा सामेल हुन भारतलाई आशय पत्रमा हस्ताक्षर गर्न अनुमोदन गरेको छ। यो विश्वव्यापी सहयोग र ऊर्जा दक्षता प्रवर्द्धन गर्न समर्पित विश्वव्यापी प्लेटफर्म हो। यसमा भारतको सहभागिताले कम कार्बन अर्थतन्त्र र ऊर्जा संरक्षणमा परिवर्तन गर्न मद्दत गर्नेछ। यो कदम हरितगृह ग्यास उत्सर्जन कम गर्ने र दिगो विकासप्रति भारतको प्रतिबद्धतालाई सुदृढ पार्ने प्रयासको अनुरूप हो।

मिडियासँग कुरा गर्नु हुँदै केन्द्रीय सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नु भयो, यो निर्णयले भारतलाई रणनीतिक ऊर्जा अभ्यासहरू र नयाँ समाधानहरू साझा गर्ने 16 देशहरूको विशेष समूहमा पहुँच प्राप्त गर्न मद्दत गर्नेछ। उहाँले ऊर्जा दक्षता प्रविधि र अत्याधुनिक विधिको प्रवद्र्धन गरी जलवायु परिवर्तन विरुद्ध लड्न विश्वव्यापी प्रयासमा पनि योगदान दिने बताउनु भएको छ।

जुलाई २०२४ सम्ममा अर्जेन्टिना, अष्ट्रेलिया, ब्राजिल, क्यानडा, चीन, फ्रान्स, जर्मनी, जापान, रुस, साउदी अरेबिया, संयुक्त राज्य अमेरिका र ब्रिटेन लगायत १६ देशहरू हबमा सामेल भएका छन्।

****** ० ******

**हरियाणा - चुनाव**

हरियाणामा विधानसभा चुनावको सम्पूर्ण तयारी पूरा भएको छ। ९० सदस्यीय विधानसभाको लागि भोलि मतदान हुँदैछ। निर्वाचनमा ९३० पुरुष र १०१ महिला गरी एक हजार ३१ जना उम्मेदवार छन्। हरियाणाका मुख्य निर्वाचन अधिकारी पंकज अग्रवालले भन्नु भयो, उनीहरूमध्ये 464 स्वतन्त्र उम्मेदवारहरू छन्। बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म मतदान हुनेछ। प्रदेशमा २ करोड ३ लाख ५४ हजारभन्दा बढी मतदाता छन्। चुनावलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्न कुल २० हजार ६३२ मतदान केन्द्र बनाइएको छ।

****** ० ******

**जयशंकर श्रीलंका**

विदेश मन्त्री डा सुब्रह्मण्यम जयशंकर आज श्रीलंकाको भ्रमणमा जाँदै हुनु हुन्छ। यस क्रममा उहाँले श्रीलंकाका शीर्ष नेतृत्वसँग भेट गर्नु हुनेछ। विदेश मन्त्रालयले भारतको छिमेकी पहिलो नीति र सागरको दृष्टिकोणलाई ध्यानमा राख्दै पारस्परिक हितका लागि दीर्घकालीन साझेदारीलाई थप सुदृढ गर्ने दुवै देशको साझा प्रतिबद्धतालाई यस भ्रमणले झल्काउने बताएको छ।

****** ० ******

**केरला विधानसभा**

केरला विधानसभाको अधिवेशन आजदेखि शुरु हुँदैछ। विधानसभा अध्यक्ष ए.एन. शमशिरले नौ दिने अधिवेशनमा सातवटा विधेयक पेश गरिने बताउनु भयो। पहिलो दिन, सदनले वायनाड र कोझिकोड जिल्लाहरूमा हालैको पहिरोका पीडितहरूलाई श्रद्धांजलि अर्पण गर्नेछ। बाँकी आठ दिनमध्ये ६ दिन सरकारी काम र दुई दिन निजी सदस्यको काममा राखिएको छ। सत्र १८ अक्टोबरमा समाप्त हुनेछ।

****** ० ******

**महिला क्रिकेट टि 20 विश्वकप**

आईसीसी महिला टी–२० विश्वकपमा आज भारतले न्युजिल्याण्डको सामना गर्दैछ। हरमनप्रीत कौरको नेतृत्वमा रहेको भारतीय टोलीले आज साँझ दुबईमा न्यूजिल्याण्ड विरुद्धको खेलबाट अभियान शुरु गर्नेछ।

****** ० ******